# धवलागिरी गाउँपालिकाको
# विनियोजन ऐन २०७५

धवलागिरी गाउँपालिकाको आर्थिक वर्ष २०७५/७६ को सेवा र कार्यहरुको लागि स्थानीय संचित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्वन्धमा व्यवस्था गर्न वनेको बिधेयक ।

सभावाट स्वीकृत मितिः२०७५/०३/१०

<u>प्रस्तावना</u>

धवलागिरी गाउँपालिकाको आर्थिक वर्ष २०७५/७६ को सेवा र कार्यहरुको लागि संचित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उपधारा (२) वमोजिम धवलागिरी गाउँपालिकाको गाउँसभाले यो ऐन वनाएको छ ।

**<u>१. संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस ऐनको नाम " धवलागिरी गाउँपालिकाको विनियोजन ऐन २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**<u>२. आर्थिक वर्ष २०७५/७६ को निमित्त संचित कोषबाट रकम खर्च गर्ने अधिकारः</u>**

(१) आर्थिक वर्ष २०७५/७६ को निमित्त अनुसूची १ मा उल्लेखित चालु खर्च, पुंजीगत खर्च र वित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रु ३२,२६,६९,८२५ (अक्षरुपी बत्तिस करोड छब्बिस लाख उनान्सत्तरी हजार आठ सय पच्चीस रुपैंया मात्र) मा नवढाई निर्दिष्ट गरिए वमोजिम संचित कोषबाट खर्च गर्न सकिनेछ ।

**३. विनियोजनः** (१) यस ऐनद्वारा संचित कोषवाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७५/७६ को निमित्त धवलागिरी गाउँपालिकाको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१)मा जुनसुकै कुरा लेखिएको भएतापनी कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा वचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शिर्षक बाट नपुग हुने शिर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शिर्षक

बाट सो शिर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरु बाट अर्को एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्य चालू खर्च शिर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अर्न्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शिर्षकबाट सो शिर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूची -१

(दफा २ सँग सम्वन्धित)

नेपालको संविधान धारा २२९ (२) वमोजिम

संचित कोषबाट विनियोजन हुने रकम

रु हजारमा

| क्र.सं | अनुदान संख्या | शिर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च | वित्तिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | गाउँ कार्यपालिका | १२७८८१।१७६ | ९६२८८।६४९ | | २२४१६९।८२५ |
| ३ | | विषयगत शाखा सशर्त | ९८५००।००० | ० | | ९८५००।००० |
| | | जम्मा | २२६३८१।१७६ | ९६२८८।६४९ | | ३२२६६९।८२५ |